स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रकृति श्रेष्ठको करिअर अहिले संकटउन्मुख छ । किनभने फिल्मको असफलताले उनलाई छाडेको छैन । यद्यपि, उनले सफलता पनि देखेकी छन् । उनले मुख्य भूमिकामा अभिनय गरेको डेब्यू फिल्म 'होस्टेल' नै हिट भएको थियो । 'होस्टेल'पछि उनले 'आभाष', 'जिन्दगी रक्स' र 'उत्सव'मा काम गरिन् । तीनै फिल्म असफल भए । यसपछि विवाह गरेर अष्ट्रेलिया हानिएकी उनी करिब ६ वर्षपछि फिल्म 'बिहे पास'बाट अभिनयमा फर्किइन् ।

आजको विचार...



लोप...

(दुई पेजमा)

ज्ञानेन्द्रबहादुर श्रेष्ठ (ज्ञानु)

सौगात मल्ल र मलिका महतको शीर्ष भूमिका रहने फिल्म 'अगस्त्य'को छायांकन भारतको गोरखपुरमा सुरु भएको छ । आइतबारदेखि त्यहाँको राजघाटमा छायांकन सुरु भएको निर्देशक सौरभ चौधरीले जानकारी दिए । अर्का अभिनेता नाजिर हुसेनले ६ दिनपछि छायांकन सेट 'ज्वाइन' गर्नेछन् । गोरखपुरको मुख्य बजार क्षेत्रमा २५ दिनसम्म छायांकनको योजना छ । त्यसपछि नेपालको भैरहवा, नवलपरासी र काठमाडौंमा छायांकन तालिका छ ।



❐ वर्ष २८ ❐ अंक ३०९ ❐ २०८० जेठ २४ गते बुधबार 7 June 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पर्यटक भित्र्याउन रेसुङ्गा नगर सरकारको जुक्ति

## थाल्यो 'जाउँ हिड रेसुङ्गा' अभियान




**हाम्रा संवाददाता**

**गुल्मी,** जेठ २३/लामो समयको कोरोना महामारीका कारण थला परेको पर्यटन क्षेत्र अझै पनि माथि उठ्न सकेको छैन । देशका धेरै प्रख्यात पर्यटकीय क्षेत्रहरु अहिले पनि सुनसान जस्तै छन् । स्थानीय, प्रदेश र संघीय सरकारको प्राथमिकतामा पर्यटकीय क्षेत्र नपरेका कारण पनि थुप्रै पर्यटकीयस्थलहरु सुनसान छन् । ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल गुल्मीको रेसुङ्गा पनि कोरोना महामारीका कारण लामो समयसम्म नै सुनसान नै रहयो । यहाँ अहिले भित्रिने पाहुना छैनन् । विदेशीको आगमन त परैको कुरा, स्वदेशी पाहुना समेत निकै कम मात्रमा घुम्न पुग्ने गरेका छन् । यस्तो अवस्थामा रेसुङ्गा नगर सरकारले भने पर्यटक भित्र्याउने नयाँ जुक्ति अवलम्वन गरेको छ । उसले रेसुङ्गा क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन 'जाउँ हिड रेसुङ्गा' भन्ने अभियान चलाएको छ । रेसुङ्गाको प्रचार-प्रसार एवं पर्यटन प्रवर्द्धनका लागि अभियान सञ्चालन गरिएको नगरप्रमुख खिलध्वज पन्थीले बताए । उनले भने 'पर्यटनबाट समुन्नतिको आधार तय गर्न सकिन्छ, प्रचुर सम्भावना हुँदा-हुँदै पनि पछि परेको रेसुङ्गामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन अभियानमार्फत लागेका हौं ।' 'तीव्र बसाइसराइका कारण वस्ती खालि हुँदैछन् । जिल्लामा रहेका ऐतिहासिक स्थलहरुको प्रचार-प्रसार गरी आर्थिक अभियानमा महत्वपूर्ण योगदान पुर्याउनुपर्छ । बसाइसराईलाई रोक्ने हाम्रो ध्यय पनि हो' नगर प्रमुख पन्थीले भने । अभियानका माध्यमबाट ऐतिहासिक पर्यटकीय स्थलहरुको प्रचार-प्रसार भई पर्यटकहरुको आगमनले रोजगारीको सिर्जना हुने उनले बताए । अभियानले यहाँ रहेका तम्घासस्थान मन्दिर, गर्जुरा पार्क, रेसुङ्गा महापोखरी, यज्ञशाला, सिद्धबाबा, सानो रेसुङ्गा, इस्मा दरबार, कंके देउराली, भुवाने पार्क, विचित्र गुफा, गौशाला, रिडिधाम, मुसिकोट दरबार, गुल्मी दरबार, सरायँ नाँच लगायतका क्षेत्रहरुको प्रवर्द्धनमा समेत महत्वपूर्ण टेवा पुग्ने नगर प्रमुख पन्थीले विश्वास व्यक्त गरे । नगरपालिकाले आगामी आर्थिक वर्षमा एक लाख पर्यटन भित्र्याउने लक्ष्य लिएको छ । आगामी आर्थिक वर्षमा लगानी सम्मेलन तथा पर्यटकी गतिविधि सञ्चालन गर्ने उद्देश्यले भ्रमण वर्षको रुपमा मनाउने समेत नगर प्रमुख पन्थीले बताए । स्थानीय परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले खाना महोत्सव समेत गरिने उनको भनाइ छ ।

पर्यटन व्यवसायी सुर्दशन खनालले सरकारको साथ नभए व्यवसायीले लगानी नगर्ने बताए । उनले नगर सरकारलाई नीजि क्षेत्रसँग समन्वय गरी अगाडि बढ्न आग्रह गरे । 'सालझण्डी-तम्घास सडक निमार्ण भएपछि यहाँको पर्यटन क्षेत्र माथि उठ्छ' उनले भने, 'निजामति सेवामा यस जिल्लाका धेरै सेवारत हुनुहुन्छ । निजामती क्षेत्रलाई प्रयोग गरी लाभ लिन सक्ने अवस्था छ ।' नगरपालिकाले सबै पक्षसँगको समन्वयमा आफ्ना गतविधिहरुलाई सञ्चालन गरेको भन्दै व्यवसायीहरु पनि उत्साहित भएको उनले बताए । रेसुङ्गा सरंक्षण समितिका अध्यक्ष सुरेशचन्द्र भुसालले नगरपालिकाले सञ्चालन गरेको यो अभियानले थप रेसुङ्गामा धार्मिक पर्यटनको विस्तार र विकासका लागि सहयोग पुग्नेमा विश्वास व्यक्त गरे ।

## सक्षिप्त समाचार

### डुवेर दुईको मृत्यु



**पाल्पा,** जेठ २३/ डुवेर दुई जनाको मृत्यु भएको छ । देशका विभिन्न जिल्लाका छुट्टाछुट्टै स्थानमा पानीमा डुवेर दुई जनाको मृत्यु भएको हो ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु र सिरहामा डुवेर दुई जनाको ज्यान गएको छ । कपिलवस्तुको बुद्धभूमि नगरपालिका-८ बनकट्टी हरिहरपुरमा देवदास भरकी १२ वर्षीया छोरी कल्पना भरको खोलामा डुवेर ज्यान गएको छ । बुद्धभूमि नगरपालिका-४ गेलवारस्थित गुडरुङ खोलामा पौडी खेल्ने क्रममा डुवेर उनको मृत्यु भएको हो ।

मामाघर गएकी कल्पना पौडी खेल्ने क्रममा अचानक खोलामा डुब्न पुगेकी थिइन् । खोलामा डुवेर अशक्त भएकी उनको जिल्ला अस्पताल तौलिहवामा उपचारका क्रममा मृत्यु भएको हो । यस्तै सिरहाको लाहान नगरपालिका-११ पडरियामा एक बालकको पोखरीमा डुवेर ज्यान गएको छ । सोही ठाउँका अनिल कुमार चौधरीको १८ वर्षीय छोरा निखिल चौधरीको घर नजिकैको पोखरीमा डुवेर मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । दुवै घटनाको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लुम्बिनी प्रदेशसभा बैठक जेठ २६ गते




**पाल्पा,** जेठ २३/लुम्बिनी प्रदेशसभाको बैठक यही जेठ २६ गते बस्ने भएको छ । प्रदेशसभा सचिव दुर्लभकुमार पुनका अनुसार बैठक शुक्रबार दिउँसो साढे ११ बजेदेखि सुरु हुनेछ । दोस्रो अधिवेशनको पाँचौं बैठकमा प्रदेश सरकारको नीति तथा कार्यक्रम ल्याउने तयारी छ ।

असार १ गते प्रदेश सरकारको बजेट सार्वजनिक गर्ने तयारीसँगै सरकारले ढिलो गरी नीति कार्यक्रम सार्वजनिक गर्न लागेको हो । सरकारको नीति कार्यक्रम रोजगारीलाई प्रथामिकतामा राखेर सार्वजनिक हुने भएको छ । पर्यटन र कृषिलाई पनि सरकारले प्राथमिकतामा राख्नेछ । लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएर पदवहाली गरेकै दिन मुख्यमन्त्री डिल्ली चौधरीले आफ्नो कार्यकालमा कम्तीमा २ लाख नागरिकलाई रोजगारी सिर्जना गर्ने निर्णय गरेका थिए ।

उनले त्यही निर्णयलाई कार्यान्वयन गर्ने गरी सरकारको आगामी वर्षको नीति कार्यक्रम र बजेट तयारी गरिरहेका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले नीति तथा कार्यक्रम तयार गरिरहेको छ ।

## लुम्बिनीमा पाँच महिनामा भित्रिए चार लाख ७० हजार पर्यटक



**लुम्बिनी,** जेठ २३/पछिल्लो समय आन्तरिक पर्यटकसँगै लुम्बिनीमा भारतीय र तेस्रो मुलुकका पर्यटक आउनेक्रम बढेको छ । यसै क्रममा पछिल्लो पाँच महिना अर्थात् २०२३ को जनवरीदेखि मे महिनासम्म कूल चार लाख ७० हजार पाँच सय ४२ बढी पर्यटक लुम्बिनी भित्रिएका छन् । सन् २०२२ को जनवरीदेखि मे महिनासम्म तीन लाख ६२ हजार ५६ जनाले लुम्बिनी भ्रमण गरेका थिए ।

गत वर्षकोभन्दा यस वर्षको संख्या एक लाख आठ हजार चार सय ८६ ले बढी छ । सन् २०२३ को जनवरीदेखि मे महिनासम्ममा ६७ देशका ३४ हजार चारसय १३ जना राहदानी लिएका, तीन लाख २४ हजार दुई सय ६८ नेपाली र एक लाख ११ हजार आठ सय ६१ भारतीय नागरिकले बुद्धजन्मस्थलको भ्रमण गरेको तथ्याङ्क छ । गत वर्ष दुई हजार छ सय ८७ राहदानी लिएका, दुई लाख ८९ हजार पाँचसय ९४ नेपाली र ६९ हजार सात सय ७५ भारतीय नागरिकले लुम्बिनी भ्रमण गरेको जनाइएको छ । यस पाँच महिनाको अवधिमा नेपाली र भारतीय नागरिकबाहेक थाइल्यान्डका आठ हजार दुइ सय ४७, श्रीलङ्काका पाँच हजार सात सय २१, म्यान्माका पाँच हजार तीन सय ९८, भियतनामका तीन हजार दुई सय ३५, कोरियाली दुई हजार छ सय २९, चिनिया एक हजार दुई सय आठ र अन्य देशका सात हजार छ सय ७५ जना राहदानीका नागिरकले बुद्धजन्मस्थल लुम्बिनीको भ्रमण गरेको लुम्बिनी विकास कोषले जनाएको छ । गत वर्ष सन् २०२२ मा यिनै पाँच महिनाको आगन्तुक गणना गर्दा तेस्रो मुलुक ९६ देशका राहदानी दुई हजार छ सय ८७, नेपाली दुई लाख ८९ हजार पाँच सय ९४ र भारतीयको संख्या ६९ हजार सात सय ७५ रहेको थियो । तेस्रो मुलुकका राहदानी लिएकाको गणना गर्दा भियतनामी छ हजार नौ सय २३, थाई चार हजार तीन सय ८०, श्रीलङ्कन एक हजार आठ सय ८५, म्यान्मा एक हजार चार सय ९५ तथा अन्य नौ हजार दुई सय ५९ छन् । कोरोनाको अवधि सन् २०२१ मा ६८ देशका एक हजार एक सय ९७ जना राहदानी लिएकाले लुम्बिनी भ्रमण गरेका थिए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ख्याल गरौं है उखरमाउलो गर्मीमा !

केही दिनयता देशका विभिन्न स्थानहरूमा उखरमायलो गर्मी बढेको छ । यसै पनि वैशाख, जेठ महिना गर्मी हुने महिना हो । तर यस पटक भने वर्षा गराउने मौसमी गतिविधि कम सक्रिय भई तापक्रम उल्लेख्य रुपमा वृद्धि हुँदै जाँदा अचाक्ली गर्मी बढेको हो । तराईमा अध्याधिक बढेको गर्मी पाल्पासहित पहाडी जिल्लामा समेत देखिएको छ । तराई–मधेशका अधिकांश स्थानमा एक साताृदेखि तातो हावा तथा लू चलिरहेको छ । गर्मी बढेसँगै जल तथा मौसम विज्ञान विभागले सिङ्गो मधेश प्रदेश तथा बागमती, लुम्बिनी र कोशी प्रदेशका तराईका कतिपय क्षेत्रलाई तातो हावा एवं लूबाट बच्न सचेतना अपनाउन आग्रह गरेको छ । यस बाहेक तराईका सबै क्षेत्रमा गर्मीबाट बच्न चनाखो रहन भनिएको छ । विभागले पहाडका उपत्यका र खोचमा पनि तापक्रम क्रमशः बढ्ने आकलन गरेको छ । यस्तो अवस्थामा सबैले उच्च सर्तकता अपनाउन आवश्यक छ । तातो हावा तथा लूबाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिंडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउनु राम्रो मानिन्छ । तातो हावा तथा लूका कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोश हुने, बान्ता हुने लगायत जोखिम निम्तन सक्ने भएकाले समयमै सर्तक हुनु अहिलेको आवश्यकता हो ।

गर्मी मौसममा तापमान बढ्दै जाँदा लु को खतरा पनि बढ्दै जान्छ । तातो हावाबाट श्वासप्रश्वासमा असर पर्ने, हृदयको गति तीव्र हुने, रक्तचाप कम हुने, शरीरबाट पसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुनुका साथै छाला सुक्खा, रातो र तातो हुने गर्दछ । प्रचण्ड गर्मीका कारण खासगरी दिउँसो हिँडडुललगायत घरबाहिरका गतिविधिमा असर परिरहेको छ । यस्तो अवस्थामा तातो हावा वा लुको असर जुनसुकै उमेर समूहलाई हुन सक्ने र अझै बालबालिका तथा वृद्धवृद्धालाई बढी असर गर्ने भएकाले आवश्यक सतर्कता अपनाउन जरूरी देखिन्छ ।

## Opinion @ Social Network

भनिन्छ परिस्थितिले मानिसलाई परीपक्व बनाउँछ ।
नत्र रहरहरु बेचेर बाध्यताहरु खरिद गर्ने मन कसको हुन्छ र जीवनमा ।
(**विजय भूसालको फेसबुक स्टाटस** *https://www.facebook.com/vijay.bhusal.*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोप हुन लागेको ऐतिहासिक धरोहर 'तानसेन'



ज्ञानेन्द्रबहादुर श्रेष्ठ (ज्ञानु)
तानसेन–२, पाल्पा

नेपाली शब्द कोषमा स्वर्णिम अक्षरले सजिएको इतिहास, बुद्ध जन्मेको प्रदेशको आकाशमा सदैव चम्किरहने संस्कृति, ९ जिल्लाको न्यायपालिका, कार्यपालिका पाल्पा गौडा, शिक्षा, स्वास्थ्य, पर्यटनमा पश्चिम नेपालको आर्दश, गौरव बोकेको पुरातात्विक नगर हो तानसेन । बुटवल पछिको दोस्रो ठूलो व्यापारीक केन्द्रका रुपमा उपमा पाएको तानसेन आफैमा एक ऐतिहासिक शहर पनि हो । तानसेन देशको तेस्रो नगरपालिकाको रुपमा स्थापना भएको थियो । प्राकृतिक शौन्दर्यताले भरिपूर्ण दुर्गम जिल्लाको विख्यात शुगम शहरको रुपमा स्थापित भएकाले पनि यो नगरपालिकाको रुपमा स्थापित हुन सफल भयो । लुम्बिनी प्रदेशको उत्तरी भेगमा अवस्थित शितल, शान्त वातावरणीय, ऐतिहासिक पुरातन सभ्यताको धरोहरका रुपमा तानसेनलाई चिनिन्छ । यहाँ थुप्रै ऐतिहासिक सम्पदाहरु र पर्यटकीय स्थलहरु रहेकाले पनि तानसेनलाई सुन्दर पर्यटकिय नगरिका नामले समेत सबैले चिन्ने गर्दछन् । यस पवित्र वर्दानी देवभुमीको पहिचान नहुने देशी, विदेशी जनमानसहरु शायद विरलै भेटिएलान । कारणवस हामी कुनै जिल्लाका गाउँ, शहर, वस्तीमा पुगेर म पाल्पाली हुँ भन्दा सो ठाउँका नागरिकले उत्साह प्रकट गरी हामीलाई प्रेम, सद्भावना, आदर, सम्मान र न्यानो मायाको उपहार पहिराई दिदा हामी हर्ष र गौरवले अवश्य विभोर भएका छौं, होला, हैन र ? तर अफशोच र दुर्भाग्य नेपालका पिछडिएका दुर्गम गाउँ वस्तीहरु समय अनुकुल नयाँ–नयाँ विकासका अवधारणाले उन्नतिको तिव्र गति लिई सक्दा पनि यस सुन्दर ऐतिहासिक नगरी तानसेनमा जनजिविका सम्बन्धी न्युनतम आधारभुत आवश्यकताको परिकल्पना समेत हुन नसक्नु लाजमर्दो कुरा भन्नु असान्दर्भिक नहोला । यसै सिलशिलामा परिवारजनको दुई छाकको जोहो मिलाउन अति कठिनाइको सामना गर्दा पनि असमर्थ हुन पुग्दा आदरणीय, आर्दश, पुज्य पौरखी पुर्खाहरुको कठिन परिश्रम, निस्वार्थ योगदान र अमूल्य बलिदानले सिर्जेको यस अमूल्य स्नेही जन्म भूमिलाई आत्मासाथ गरी गहभरी आँसुको कथा र व्यथा बोकी केही वर्ष यतादेखि निरन्तर विस्थापित हुने क्रम दिनानुदिन बाक्लिदै गहिरहेको तितो यर्थात् सर्व जाहेर नै छ, हैन ? ता पनि यहाँको बौद्धिक जमात, नागरिक समाज, राजनीतिकर्मी, वुद्धिजिवी वर्ग, सरोकारवाला निकाय लगायत हामी पालपाली, तानसेनवासी हुँ भन्दा समाजको के कुनै जिम्मेवारी र दायित्व नभएको नै होला त ? या मानव सभ्यताको इतिहास नै मेटाउने व्यक्तिगत स्वार्थले प्रेरित भएका कारण ले ?

धिक्कार छ हामी आर्दशवादी पाल्पाली भनौदामा । अझ पनि हामी एकआपसमा निस्वार्थ सेवा भावनाले प्रेरित भै आर्दश विचारको आदान–प्रदान गरी समउन्नत तानसेनको उज्जवल भविष्यतर्फ एकपटक गहन सोच विचार गरी अगाडि बढ्न सक्यौ भने तत्कालिन तानसेन त हैन । केही हदसम्म कठिन र निराशाको बादल पन्छाउन र विस्थापित हुनबाट रोक्न अवश्य सक्षम हुन सक्छौं होला । प्रयास लक्ष्य प्राप्तिको पहिलो खुड्किलो हो । होइन र ? अन्यथा यस्ता कथनहरु सान्दर्भिक हुन नसक्ला भन्न सकिदैन ।एकादेशमा एउटा अमुक राजा थियो रे... भने जस्तै एका जिल्लामा एउटा तानसेन भनिने ऐतिहासिक सुन्दर नगरी थियो रे.... भनी भोलिका पिढीले कतै मिल्काएको कागजको पाना खोज्न बाध्य हुने त होइन ? सौचौं है ?

# भ्रष्टाचार र नक्कली भुटानी शरणार्थीको संगठित अपराध



शंकरप्रसाद रिजाल

नेपालका पुराना प्रजातान्त्रिक नेता बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह तथा मनमोहन अधिकारी जस्ता अब्बल दर्जाका व्यक्तिले राजसंस्थालाई कहिल्यै दुत्कारेनन् । किनकी यी महान नेताहरुलाई राजसंस्थाको महत्व राम्ररी थाहा थियो । राजसंस्था बिना यो देशको अस्तित्व किमार्थ रहन सक्दैन भन्ने कुरा उनीहरुले बुझेका थिए । त्यसै कारणले त यी नेताहरुले राजसंस्थालाई विस्थापित होइन, संबैधानिक रुपमा संस्थागत गर्न खोजेका थिए । त्यसैकारणले त बिपी भन्ने गर्थे–राजसंस्था बिना समाजवाद र समाजवाद बिनाको राजतन्त्रको कल्पना पनि गर्न सकिन्न । हुन पनि संसदलाई खाली नियम कानुन बनाउनेमात्र गरी प्रधानमन्त्रीलाई सारा देशले आम चुनावबाट निर्वाचित गरी सशक्त बनाउने र राजसंस्थालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा असर पार्ने कुरामा मात्र राजाको विचार र भूमिका रहने गरी देशलाई अगाडि बढाएमा मात्र देशमा शान्ति आउने अन्यथा देश यस्तै अशान्तिको दलदलमा फसिरहने र बल्झिरहने सिद्ध भएको छ । किनकि देशको माया पार्टी बिनाको व्यक्तिसँग अरुको भन्दा बढी हुन्छ ।

न्याय निसाफ, रिती थिति केही हदसम्म नराम्रो भन्दा राम्रो नै हुन्छ । भ्रष्टाचार शून्य त संसारमा कहाँ हुन्छ र ? तर राष्ट्रपति शासन र गणतन्त्र र त्यो पनि तीन तहको सरकारी संयन्त्रको संरचनाले भ्रष्टाचारलाई धेरे प्रसय दिने र पार्टीका नेताहरुले आफू, आफ्ना नातेदार, आसेपासे र पार्टीप्रति नै ज्यादा मन दिने हुनाले हाम्रो जस्तो सानो देशलाई गणतन्त्र र प्रदेश सरकारको तहको संरचनाको अर्थ छैन । खर्चिलो संरचना देशमा झाँगिदै गएमा देश टाट पल्टिने हुनसक्छ । तसर्थ थोरैमा देशको साधारण खर्च चलाई धेरै भन्दा धेरै रकम बिकासमा खर्च गरेमा देश चाडै बिकास हुने हो । तर २०४७ साल पछि भ्रष्टाचार अन्याय ,अत्याचार र आफूखुसी शासन सत्ता चलाउने लोभी र स्वार्थी नेताको हातमा देश रहन गएकोले देशमा भ्रष्टाचारको श्रृंखला ज्यामितीय रुपमा बढ्दै गएको छ र देशको विकास उकालो लाग्नु पर्नेमा ओरालोमा चिप्लेटी खेल्दै गएको छ । सत्ताधारी दिनानुदिन भ्रष्टाचारजन्य काम गर्दै छन् भने जनता नारा र जुलुस गर्दै समय बिताइ रहेका छन् । भ्रष्टाचारको रेड जोनमा परेको यो देशको अवस्था साच्चै भन्ने हो भने नाजुक स्थितिमा पुगेको छ । अझै गणतन्त्रवादी नेताहरु भ्रष्टाचार गर्न पछि परेका छैनन् । आज यही भ्रष्टाचारको चरम कर्मले देशमा सारा कारखाना बेचिएका छन् । सारा नदीनाला कौडीको मूल्यमा बेचिइ सकिएको छ ।

सारा जंगल उजाड बन्दै गइरहेको छ । देशमा दलाल र बिचौलियाको जगजगी छ । सारा युवा युवती धमाधम विदेश पलायन हुँदैछन् । गणतन्त्र आएको यत्रो वर्षमा पनि देशले एक पाइला पनि अगाडि सार्न सकेको छैन । प्रधानमन्त्री, मन्त्रीहरु, नेता, कार्यकर्ताको नीतिगत अत्याधिक भ्रष्टाचार, घुसखोरी र कर्मचारीतन्त्रमा आएको पार्टी विचारधाराको बोलवाला, भित्र भित्रको भ्रष्टाचार र अनैतिक कामको श्रृंखलाबाटनै देशमा भ्रष्टाचारको मूल फुट्न गएको हो । आज देश काण्डै काण्डको भ्रष्टाचारले चुर्लुम्ब डुबेको छ । गरीब गरीब नै छन् भने धनी झन् धनी बन्दै गइरहेका छन् । २०४७ सालपछि यही संविधानको आधारमा समयानुसार सुधार र संशोधन गर्दै आफ्नो माटो अनुसारको राज्य पद्धति र प्रणाली अबलम्बन गर्दै लैजानु पर्नेमा देशमा संघीयता, धर्म निरपेक्षता जस्ता विदेशी चाहनानुसारको बिदेशी राज्य प्रणाली विदेशको इशारामा ल्याएको हुँदा देश यहीँबाट अधोगतिमा गएको हो । जनताहरुलाई यहीँबाट नेताहरुले फोस्रा नारा बाँडेर आफूहरु बाँडीचुँडी सरकारको सम्पत्ति भ्रष्टाचार गरेर हरेक चुनावको लागि पैसा जुटाएर हिँड्ने प्रवृत्ति नेताहरुमा बढ्दै गएकोले नेपालमा नदीनाला, कलकारखाना बेच्ने कामको धन्दा ब्यापक रुपमा चल्न गयो । त्यतिले पनि नपुगी सरकारी जग्गा बेच्ने, नागरिकता बेच्ने, ओम्नी काण्ड, लाउडा काण्ड, आयल निगम काण्ड, एनसेल काण्ड र यस्तै अरु काण्ड गरी देशलाई खोक्रो बनाउने काममा देशका शासकहरू लागि परेका छन् । देश यस्तो अवस्थामा पुग्दासमेत जनता जागरुक भएको देखिँदैन । संघीयता, लोकतन्त्र र धर्म निरपेक्षताको खोक्रो र फुस्रो विकासका नारा जनताको मुखमा बुझो लगाई आफूहरु भित्रभित्रै देशमा भ्रष्टाचार गरिरहने र भ्रष्टाचारको दुलोहरु खोज्दै जाँदा आज देशका ठूला नेताहरु, उपप्रधानमन्त्री, मन्त्रीहरु, प्रधानमन्त्रीका श्रीमती, मन्त्रीका श्रीमती, सल्लाहकार, मन्त्रीका छोरा, पीए, मन्त्रालयका सचिव र बीचका असंख्य बिचौलियाको संगठित अपराधले केवल पैसाको प्रलोभनमा नेपालका नेपाली र केही बिदेशी पनि नक्कली भुटानी शरणार्थी बनाई मानव बेचबिखनको श्रृंखलामा अरबौं पैसा असुली अमेरिका पठाउने संगठित अपराधमा संलग्न भएको पाइएको छ । यो जघन्य अपराधमा मुछिने सबैलाई नेल ठोकी लैजानु पर्नेमा कसैलाई महाराज र कसैलाई माहारानीको दर्जा दिइ नेल नठोकी राख्ने, कोहीलाई भने हटतडी लगाएर घुमाउने र मुद्दा चलेको महिनौं बितिसक्दापनि अझ अभियुक्त समात्न नसक्ने र आलटाल गरी सर्वसाधारण जनतालाई भ्रमको खेती छर्दै यो काण्ड पनि साममुम पारिने पक्का छ । किनकि सर्वोच्च अदालतले ज्यानमारालाई २० वर्ष जेल कैद गरिसकेको व्यक्तिलाई मन्त्रिपरिषद्को निर्णयले जेलमुक्त गर्ने र अस्वीकृत गरिसकेको नागरिकता विधेयकलाई पुन छलफलमै नल्याई त्यही हुबहु प्रमाणीकरण गरीहाल्ने प्रवृत्तिका नेता, प्रधानमन्त्री र मन्त्रीहरुको कुनै विश्वास छैन । जसले जे भनोस्, राजसंस्थाको समयमा यस्ता घिनलाग्दो अपराध र राष्ट्रघाती कामहरु कहिल्यै पनि भएनन् । समृद्धिको लोभ जनतालाई देखाई चारैतिरबाट देशलाई अधोगतीमा पुऱ्याउने अहिलेको नेतृत्वबाट मुलुक अगाडि बढ्न सक्दैन । नेताहरु पञ्चायती राजतन्त्रदेखि आजसम्म राजगरी आएका प्रमाणित भइसकेका हुन् । तसर्थ राष्ट्रलाई यस्ता जघन्य भ्रस्टाचार र राष्ट्रघाती काण्डबाट जोगाउने हो भने यी अनेकन दुर्योधनबाट देश र जनतालाई बचाउन अब 'कृष्ण' आएर कठोर कदम चाल्नुपर्ने बेला भएको छ । ***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२१११९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । शुभकार्यको चर्चा चल्नेछ। | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । |
| **बृष** : मनोरञ्जनले अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **बृश्चिक** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नसक्छ । | **धनु** :बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : प्रतिष्ठा कमाउने वेला छ । व्यापार व्यवसायमा फाइदा होला । | **मकर** : शैक्षिक पक्ष कमजोर हुनेछ, तर परिवारमा मेलमिलाप भने राम्रै हुनेछ । |
| **सिंह** : शुभअशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **कुम्भ** : प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **कन्या** : प्रेममा मनमुटावका साथै मन कमजोर रहला । मन प्रसन्न रहने छ । | **मीन** : आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । |

मनोरञ्जन

# ‘तामाङ संस्कृतिलाई नजिकबाट बुझ्न पाएँ’



दयाहाङ राईको शीर्ष भूमिका रहेको फिल्म ‘नीरफूल’ जेठ २६ गतेबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । फिल्मबारे जानकारी दिन काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा फिल्मका मुख्य कलाकारसहित निमार्ता, निर्देशक उपस्थित रहे । प्रेसमिटमा दयाहाङले नीरफूल मौलिक कथा र बिरलै हुने घटनामा आधारित रहेको र यसको स्क्रिप्ट पनि बलियो रहेको बताए । यो फिलममा काम गर्दा तामाङ संस्कृतिलाई नजिकबाट चिन्ने मौका पाएको उनले बताए ।

‘तामाङहरुमा पनि बुद्धिजम र तान्त्रिजम गरी दुईवटा समुदाय रहेछ । विवाहबाट यी दुई समुदाय जोडिएपछिको पारिवारिक संरचनादेखि उनीहरु नामाकरण तथा अन्य धेरै संस्कृतिहरु पनि यो फिल्ममा देख्न पाइन्छ,’ दयाहाङले भने । दयाहाङले फिलमले पहिचानको मुद्दालाई बलियोसँग उठाएको समेत बताए । ‘मुलुकमा बेरोजगार एक नेपाली केही वर्ष विदेशमा रोजगारी गरेर घर फर्कँदा उसको थातथलो नै नेपालको नक्साबाटै हराउनु, उसको गाउँ नै नभेटिनुजस्तो विडम्बना के हुन सक्छ ?’ उनले भने, ‘नीरफूलमा भूकम्पले निम्त्याएको बिनासको घटना भए पनि यसको कथा अर्कै छ ।’ दयाहाङले नीरफूलमा आफ्नो थातथलो नेपालको नक्साबाटै गुमेको र भूकम्पपछि आफ्नो परिवार नै हराएको पात्रको भूमिका निर्वाह गरेका छन् । फूलमान बल निर्देशित फिल्ममा दयाहाङसँगै शान्ति वाइबा, बुद्धि तामाङ, पुष्कर गुरुङ, जिग्मे छ्योंकी घिसिङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरी, जीवन बराल, लक्ष्मी बर्देवा, मानस राज, रोशन फ्युबा, विजय लामालगायतले अभिनय गरेका छन् । रेखा थापाको यो फिल्ममा केमियो भूमिकामा छिन् ।

*-अनलाइन खबर डटकम*

# लक्ष्मणको निर्देशनमा ‘फनफनी’ बन्ने, हिरोमा आर्यन



गत बैशाखमा प्रदर्शित फिल्म ‘बुलाकी’बाट निर्देशनमा राम्रो सम्भावना देखाएका लक्ष्मण सुनारले नयाँ फिल्मको निर्देशन जिम्मेवारी पाएका छन् । उनले फिल्म ‘फनफनी’को निर्देशन गर्न लागेका हुन् । सोमबार चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिएपछि थिम पोस्टरमार्फत् फिल्मको घोषणा गरिएको हो । फिल्मको घोषणासँगै मुख्य भूमिकामा आर्यन अधिकारी अनुबन्ध भएका छन् ।

कमेडी तथा पारिवारिक कथामा निर्माण हुन लागेको फिल्मलाई हरि मल्ल ठकुरी र गणेश मल्ल ठकुरीले निर्माण गर्नेछन् । यसअघि उनीहरुले फिल्म ‘लाखे’को निर्माण गरेका थिए, जसमा आर्यनको पनि मुख्य भूमिका थियो । नेपाल, अष्ट्रेलिया, क्यानडा र भारतमा छायांकन हुने फिल्मको बजेट २ करोड अनुमान गरिएको छ । तिहारपछि फिल्मको छायांकन सुरु गर्ने तयारीमा निर्माण टिम छ । फिल्ममा आर्यनबाहेक अरु कलाकार फाइनल भएका छैनन् । केही दिनमा बाँकी कलाकार छनोट हुने लक्ष्मणले बताए । ग्लोबल मिडिया रिसर्च सेन्टरको प्रस्तुतीमा बन्न लागेको फिल्मको कथा निर्देशक सुनार स्वयंको हो । उनी फिल्मलाई उत्कृष्ट बनाउन कुनै कसर नछाडिने दाबी गर्छन् । डेब्यू फिल्म ‘बुलाकी’ नै सम्झनलायक बनाएका लक्ष्मणबाट फिल्म क्षेत्रले ठूलो अपेक्षा राखेको छ । कोरोना महामारीभन्दा अगाडि हाँस्यश्रृंखला ‘सक्किगोनि’का कलाकारहरु कुमार कट्टेल र अर्जुन घिमिरेसहितको समुहले ‘फनफनी’ नाममै फिल्म बनाउन लागेका थिए ।

निर्देशकमा निश्चल बस्नेत र अभिनेतामा विपिन कार्कीलाई समेत अनुबन्ध गरिएको थियो । तर, पछि निश्चलले फिल्मबाट हात झिके । विपिन भने अझैसम्म पनि सम्झौतामै छन् । अब यो टिमबाट ‘फनफनी’ नाम उम्किएको छ ।

*-फिल्मी खबर डटकम*

# चलचित्रको निर्माण घट्दो

अघिल्लो वर्षको तुलनामा यस वर्ष चलचित्रको निर्माण संख्या घट्ने भएको छ । गत वर्षको तुलनामा यस वर्ष छायाङ्कन भइरहेको चलचित्रको संख्या कम देखिन्छ । त्यसो त पानी पर्ने समय भएकाले पनि यो समयमा ‘स्टुडियो’भन्दा बाहिर छायाङ्कन सहज हुँदैन । यद्यपि संख्याकै हिसाबमा पनि कम देखिएको निर्माताको छाता संगठन नेपाल चलचित्र निर्माण सैका अध्यक्ष नवल खड्काले बताए । उनले भने, “अहिले अन्य क्षेत्रमा समेत मन्दी देखिएको छ । चलचित्र त्यसबाट अछुतो छैन । सबैभन्दा पहिले गाँस, बास र कपास हो । त्यसपछि मनोरञ्जन आउँछ ।” यस अगाडि पनि चलचित्र निर्माणमा लागत बढिरहेको सन्दर्भमा निर्माता सैले चिन्ता व्यक्त गरेको थियो । “निर्माण लागत विविध कारणले बढिरहेको छ । बजारबाट न्यूनतम आउने व्यापारको कुनै मापन नै छैन”, उनले भने । निर्देशक ज्ञानेन्द्र देउजाले अहिले बजार बुझ्न सहज नरहेको बताए । “पहिला चलचित्र निर्माण भएर प्रदर्शन हुँदा यतिसम्म लगानी फिर्ता हुन्छ भन्ने अनुमान गर्न सकिन्थ्यो । हामीले राख्ने कलाकारकै कारण वितरकबाट उठ्ने लागत पनि थियो । अहिले त्यो छैन”, निर्देशक देउजाले भने । उनी पनि चलचित्रको पटकथामा व्यस्त छन् ।

चलचित्र व्यवसाय मात्र होइन, निर्माण पनि घट्न थालेको छ । अहिले भने ‘ह्यासट्याग माया’, ‘दिमाग खराब’, ‘देववाणी’ लगायत केही चलचित्र छायाङ्कनमा छन् । केही निर्माता पर्ख र हेरको अवस्था रहेको बुझिन्छ । आउँदो भदौबाट सम्भावना बोकेका नेपालीसँगै विदेशी चलचित्र प्रदर्शन हुँदैछन् । तिनले गर्ने व्यापारले पनि चलचित्र क्षेत्रको मार्गनिर्देश गर्ने नेपाल चलचित्र सैका महासचिव नरेन्द्र महर्जनले बताए ।

“अहिले चलचित्र भवनमा धेरै तथ्य बुझेर आउने गरेको पाएको छु । चलचित्र हेर्न जाउँ भनेर आइहाल्ने दर्शक कम हुनुहुन्छ”, उनले भने, “दसैं आसपासका चलचित्रले राम्रो व्यापार गरेमा निर्माणमा तिब्रता आउने छ ।” चलचित्र विकास बोर्डले सार्वजनिक गरेको विवरणअनुसार गत वर्ष विसं २०७९ मा नेपाली ५२ चलचित्र प्रदर्शन भएका थिए ।

*-बाह्रखरी डटकम*

# सुप्रिमले बाल्यकालमै कमाएको ‘ख्याति’ : ११ वर्षको उमेरमै सय बढी गीतमा स्वर



**सुशील नेपाल :**
गत वैशाखमा ११ वर्षका भए सुप्रिम मल्ल ठकुरी । कलिलो उमेरमै दर्जनौं गीतमा उनको स्वर गुञ्जिइसकेको छ । ‘उसले गाएका गीतहरू मैले टिपोट गर्ने गरेको छु,’ सुप्रिमका बुवा कृष्ण मल्लले भने, ‘अहिलेसम्म ठ्याक्कै १०४ वटा पुगेछ ।’ सुप्रिमले रेकर्डका लागि तय गरिसकेका बाँकी गीतहरू झण्डै डेढ दर्जन छन्, जुन अब मेसो मिलाएर गाउनुपर्नेछ । उनले गाएका लाइभ दोहोरीको संख्या पनि दर्जनौं पुगिसकेको छ । यतिबेला सुप्रिमको चञ्चले उमेर हो । घरको न्यानो संसारभित्र लडीबुडी गर्दै रमाउने उमेर । सानो-सानो कुरामा चित्त दुखाउने अनि सानो-सानो कुरामै खुशी भइहाल्ने उमेर । परिवारका सदस्यहरूको हात समाउँदै डुल्ने उमेर । चाहेको खानेकुरा खाने, हाँस्ने अनि खेल्ने उमेर तर सानो उमेरमै सांगीतिक क्षेत्रबाट पाएको ‘नेम र फेम’ले सुप्रिमलाई फुर्सद मिले पो ! बिहान उठ्यो, केही समय पढेर स्कूल जानुपर्‍यो । स्कूलबाट फर्कियो, कहिले गीत रेकर्ड गर्न स्टुडियो पुग्नुपर्‍यो, त कहिले लाइभ दोहोरी गाउनका लागि तयार हुनुपर्‍यो । रियाजमा पनि समय दिनुपर्‍यो ।

विभिन्न मेला-महोत्सवबाट खोजी हुन्छ, मेसो मिलाएर त्यहाँ पनि पुग्नुपर्‍यो र प्रस्तुति दिनुपर्‍यो । माया गर्नेहरूसँग फोटो खिचाउनुपर्‍यो । कहिलेकाहीं सञ्चारमाध्यममा अन्तर्वार्ता पनि दिनुपर्‍यो । यसरी प्रस्तुत हुँदा सबैतिर शान्त, ‘जेन्टलमेन’ देखिनुपर्‍यो । ‘हप्ताको १ दिन शनिबार भएपनि बाबु घरमै आनन्दले बसोस् वा सँगै कतै घुमाउन लैजान पाइयोस् भन्ने हुन्छ,’ सुप्रिमका बुवा कृष्णले सुनाए, ‘तर शनिबार पनि फुर्सद मिलिरहेको छैन । बाबुको कामले म पनि खाली बस्न नपाएको धेरै भयो ।’ केही दिन अगाडिको एक अपराह्न स्कूलबाट फर्किएपछि सुप्रिमले थकित मुद्रामै केही समय कुराकानी गरे । उनका बुवाले रियाजको समय छोट्याएर अन्तर्वार्ताका लागि समय मिलाइदिएका थिए । ‘पढाइ कस्तो चल्दैछ ? अनि सांगीतिक यात्रा कस्तो लागिरहेको छ ?’ शुरूआतमै सुप्रिमलाई सोधिएको प्रश्नमा उनको जवाफ थियो, ‘पढाइ राम्रो चल्दैछ । सांगीतिक यात्रा पनि रमाइलै लागिरहेको छ ।’ सार्वजनिक परिचय पाइसकेपछि जो कोहीको व्यक्तिगत जीवन खुम्चिँदै जान्छ । सोचेअनुसार र चाहेअनुसार चल्न पाइँदैन । अझ सुप्रिमले त कलिलो उमेरमै ‘सेलिब्रेटी जीवन’ बाँचिरहेका छन् । उनलाई कत्तिको अप्ठ्यारो महशुस भएको हुँदो हो ? ‘यो सबै स्रोता/दर्शकहरूले मलाई गर्नुभएको माया हो,’ सुप्रिमले भने, ‘मलाई त एकदमै रमाइलो लागिरहेको छ ।’ आफ्नो सानैदेखिको रुचिको क्षेत्रमा व्यस्त हुन पाउँदा रमाइलो लागिरहेको उनको जवाफ थियो । आम बालबच्चाभन्दा सुप्रिमको स्वभाव केही फरक रहेछ । शान्त, सौम्य भएर प्रस्तुत हुने उनी निकै कम बोल्दा रहेछन् । अर्थात् सोधिएका प्रश्नको सिधा जवाफ दिने, चाहिनेभन्दा धेरै नबोल्ने । बुवा कृष्णले सुनाए, ‘बाबुले दुःख दिने, चकचक गर्ने, झगडा गर्ने कहिल्यै गरेन ।’

**३ वर्षको उमेरदेखि गुनगुनाउँथे**

सुप्रिमका बुवा कृष्ण पहिल्यैदेखि गीत गाउने । गाउँघरतिरका कार्यक्रमदेखि स्कूलका कार्यक्रमहरूमा उनको स्वर गुञ्जिन्थ्यो । २०६३ सालतिर देउडा एल्बम नै ल्याएका थिए । त्यसपछि भने उनले अरु गीत गाएनन् । बरु गीतहरू लेख्ने काम निरन्तर चलिरह्यो । उनी व्यवसाय गर्दथे तर त्यसमा सोचेजस्तो भएन । कृष्ण रोजगारीका लागि मलेसिया उडे, जतिबेला सुप्रिम भर्खरै डेढ वर्षका पुग्दै थिए । त्यसको झण्डै डेढ वर्षपछि नेपालबाट पत्नी (उर्मिला शाही) ले छोरा सुप्रिमले गीत गुनगुनाउँदै गरेको अडियो पठाउन थालिन् । छोराले तोते बोलीमा गाउँदै गरेको सुनेर कृष्ण कम्ता खुशी हुँदैन्थे । ‘उसले त्यसबेला रेडियोमा गीत सुन्यो भने वा कसैको मोबाइलमा बज्यो भने गाउँदो रहेछ,’ कृष्णले सुनाए । ५ वर्षको उमेरमा त सुप्रिमले स्कूलको कार्यक्रममा स्टेज चढेर गीत गाएका थिए । मलेसियाबाट फर्किएर सुप्रिमका बुवाले काठमाडौंमा दोहोरी साँझ खोले । २०७५ सालतिर सुप्रिम आमासँग काठमाडौं आए । केही समयपछि मामा हिक्मत शाहीले लेखेको देउडा गीतमा सुप्रिमले स्वर दिए । साथै भिडियोमा देखिए पनि । त्यसपछि अग्रज संगीतकार नारायण रायमाझीले ‘बिछोडको करौतीले’ बोलको गीतको चाइल्ड भर्सनमा गाउने अवसर दिए । यो गीतपछि पशुपति शर्मा, शान्तिश्री परियारसँग ‘ताराबाजी लै छोरा’ बोलको गीतमा स्वर दिने अवसर पाए, स्वर मात्र होइन, यसको भिडियोमा समेत उनले अभिनय गरे । ठीक यही बखत हो, बाल गायन रियालिटी शो ‘द भ्वाइस किड्स’मा सुप्रिम सहभागी भएका थिए । यसमा उनी सहभागी मात्रै भएनन्, शीर्ष ८ भित्र पर्न सफल भए । यहाँबाट उनको स्वरको चौतर्फी चर्चा भयो, उनी थुप्रै संगीत प्रेमीको मन-मनमा बसे । ‘एकदमै धेरै रमाइलो अनुभव रह्यो । धेरै नयाँ साथीहरू बनाउन पाएँ । त्यहाँबाट धेरै कुराहरू सिकें,’ सुप्रिम ‘भ्वाइस किड्स’को अनुभव सुनाउँछन्, ‘पहिलो कुरा त आफूमा कन्फिडेन्ड बढ्यो । स्वरमा सुधार हुँदै गयो ।’ सुप्रिमको ‘मेरो बाबा सुपरम्यान’ बोलको गीतको चाइल्ड भर्सन ‘भ्वाइस किड्स’को माहोलमै सार्वजनिक भएको थियो । गीतले राम्रो चर्चा पायो । ‘भ्वाइस किड्स’मा उनी विजेता नबने पनि गायनको अफरले पछ्याइरह्यो । एकपछि अर्को, अर्कोपछि अर्को गीतहरू गाइरहे । ‘फोटो फिरिममा’ बोलको सुपरहिट गीतको चाइल्ड भर्सनमा स्वर दिए, यो गीत पनि रुचाइयो । क्रमशः सुप्रिमले दिनमा ३ वटासम्म गीतमा स्वर दिन थाले ।

**चाइल्ड भर्सनका लागि पहिलो रोजाइमा**

सुप्रिमका ‘मेरो बाबा सुपरम्यान’, ‘देउरालीलाई भेटी’, ‘सम्झिराख है साथी’, ‘फोटो सिरानी’, ‘फोटो फिरिममा’, ‘परान बाँकी छ’, ‘रेलको बाटो’, ‘ओए काँजल’, ‘फापरको पिठो’, ‘धोकेबाज हौ तिमी’ जस्ता थुप्रै गीतहरू हिट छन् । यीमध्ये धेरै गीतहरू चाइल्ड भर्सन हुन् । फिल्म ‘प्रेम गीत ३’को शीर्ष गीत ‘हर युग होस्’ समेत सुप्रिमको स्वरको चाइल्ड भर्सनमा समेत सार्वजनिक भएको छ । यसरी हेर्दा चाइल्ड भर्सनका लागि पहिलो रोजाइका गायक बनेका छन् सुप्रिम ।

**‘भर्सटायल’ सुप्रिम**

सुप्रिमले सानो उमेरमै भर्सटायल बाल गायकको परिचय बनाउँदै गएका छन् । सोही कारण पनि उनी धेरै सर्जकहरूको रोजाइमा पर्ने गरेका छन् । उनले लोकदोहोरी गीत गाएका छन् । आधुनिक गीत पनि गाएका छन् । विभिन्न भाषाभाषीका गीतहरू समेत गाएका छन् । चलेका थुप्रै कलाकारहरूसँग सुप्रिमले सहकार्य गरिसकेका छन् । उनले एउटा गीतमा संगीत समेत भरेका छन्, जसमा राजेश पायलले स्वर दिएका छन् ।

**स्रोता-दर्शकहरूको माया**

सुप्रिम केही समयअघि सांगीतिक कार्यक्रमको शिलशिलामा नेपालगञ्ज पुगेका थिए । त्यहाँ दर्शकहरूको ठेलमठेल भीडभाड । उनलाई माया गर्नेहरू फोटो खिच्न मरिहत्ते गर्ने भइहाले । फोटो खिचाउन थाले । फोटो खिचाउनेहरू थपिँदै गए । भीड बढ्यो । ‘मानिसहरूको भीडमा गुम्सिएर कस्तो गाह्रो भयो,’ सुप्रिमले सुनाए, ‘धेरै मेला महोत्सवमा त्यस्तै अनुभव गरेको छु । यद्यपि त्यसमा खुशी लाग्छ । किनकि त्यो उहाँहरूले मलाई माया गरेर नै त मसँग फोटा खिचाउन आउनुभएको हो ।’ उनी मोबाइल चलाउँदैनन् । कामका लागि कुरा गर्नु परे बुवासँग गर्नुपर्छ । बुवाको मोवाइलमा सुप्रिमको बोली सुन्न चाहने धेरैको म्यासेज आउँछ । फोन आउँछ । ‘सुप्रिमसँग कुरा गराइदिनु भन्दै धेरैले फोन गर्नुहुन्छ । मिलेसम्म कुरा गराइदिने गरेको पनि छु,’ बुवा कृष्णले सुनाए ।

**पढाइमा उत्तिकै तीक्ष्ण**

सुप्रिम अहिले सामाखुसीस्थित महर्षि स्कूलमा ६ कक्षामा अध्ययनरत छन् । गीत गाउन जति सिपालु छन्, पढाइमा पनि उत्तिकै तीक्ष्ण छन् उनी । कक्षाको प्रथम विद्यार्थी सुप्रिमलाई सबैभन्दा सजिलो विषय नेपाली लाग्छ । ‘सजिलो नेपाली लागे पनि मनपर्ने विषय चाहिँ विज्ञान हो । गाह्रो गणित लाग्छ,’ उनले भने ।

**‘बालबच्चाको प्रतिभा पहिचान गर्नुपर्छ’**

सुप्रिमले बुवा कृष्णको शब्दमा रहेका केही गीतहरू समेत गाएका छन् । उनका बुवा भने हिजोआज गाउँदैनन् । आफूमा कुनैबखत रहेको अतृप्त गायन इच्छा उनले अहिले छोराबाट पूरा गराएका छन् । ‘मैले पारिवारिक कारणले त्यसबेला आफ्नो रहर पूरा गर्न सकिनँ । त्यो रहर अहिले छोराले पूरा गरिदिएको छ,’ कोठाको भित्ताभरी टाँसिएका सुप्रिमले पाएका सम्मानपत्रहरू देखाउँदै बुवा कृष्ण भन्छन्, ‘यी सबै बाबुकै कमाइ हो, जुन हेर्दा गर्व महशुस हुन्छ ।’ उनी हरेक अभिभावकले बालबच्चाको प्रतिभा पहिचान गर्नुपर्ने बताउँछन् । सुप्रिमभन्दा राम्रो र प्रतिभाशाली प्रतिभा पनि छन् । अभिभावकले पहिचान गर्न नसक्दा कतिपय प्रतिभा अगाडि आउन नसकिरहेका हुन सक्छन् । ‘बालबच्चामा रहेको प्रतिभालाई चिनेर बाहिर ल्याउने कोसिश गरिदिनुपर्छ,’ उनले भने, ‘बालबच्चाको रुचिलाई अभिभावकले बुझिदिनुपर्छ, साथ दिनुपर्छ ।’ *-लोकान्तर डटकम*

# पाल्पामा एकल लोकगीत प्रतियोगिताको पहिलो अडिसन सकियो

## अडिसनबाट १० जना छनोट



**पाल्पा,** जेठ २३/राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाले लुम्बिनी प्रदेशस्तरी एकल लोकगीत प्रतियोगिताको लागि पाल्पाबाट प्रतियोगी छनोट कार्यलाई तिव्रता दिएको छ । प्रतिष्ठानले असार ७ गते हुने प्रदेशस्तरीय प्रतियोगिताका लागि जिल्लाबाट प्रतिस्पर्धामार्फत प्रतियोगीहरु छनोट गरिरहेको छ ।

उसले खुला डिजिटल अडिसनको पहिलो चरणको छनोट कार्य सकेको छ । पहिलो अडिसनमा जिल्लाका विभिन्न स्थानीय तहहरुबाट १७ जना प्रतियोगीहरुले भाग लिएका थिए । जसमा १० जना प्रतियोगीहरु दोस्रो चरणको अडिसनका लागि छनोट भएको प्रतिष्ठान पाल्पाका अध्यक्ष कमल भट्टराईले बताए । उनले तानसेनमा बसेको प्रतिष्ठानको निर्णायक मण्डलहरुको बैंकले १० जना प्रतियोगीहरूलाई दोस्रो अडिसनका लागि छनोट गरेको जानकारी दिए । दोस्रो अडिसनबाट छनोट हुने दुई जना प्रतियोगीहरूलाई प्रदेशस्तरीय प्रतियोगीतामा पठाइने प्रतिष्ठानका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक रुपेश कार्कीले बताए । उनले भने 'हामी दोस्रो चरणको प्रतिस्पर्धाबाट छनोट हुने प्रतियोगीहरुलाई प्रदेशमा पठाउने छौं ।' दोस्रो चरणको अडिसनमा करिश्मा मगर, अमृत राना मगर, संगीता भुसाल, आशा सिंजाली, रुपा नेपाली, तुल्सा गाहा, सन्तोष पृथी, गुप्त गैरे, अपेक्षा तिमिल्सिना र पुजा दर्लामी प्रवेश गरेका छन् । दोस्रो चरणको अडिसन जेठ २७ गते हुने प्रतिष्ठानले जनाएको छ । जिल्लाबाट छनोट भएका दुई जना प्रतियोगीहरुले प्रदेशस्तरी प्रतियोगितामा भाग लिने प्रतिष्ठान लुम्बिनी प्रदेशकी सचिव रेखा विष्टले बताइन् । लोक सस्कृतिको जर्गेना गर्ने उद्देश्यले प्रतिष्ठान लुम्बिनी प्रदेशको आयोजना र सम्पूर्ण जिल्ला शाखाहरुको सह-आयोजनामा प्रतियोगीता हुन लागेको सचिव विष्टले बताइन् । उनका अनुसार प्रतियोगितामा प्रथम हुनेले नगद ५१ हजार १ सय ११, दोस्रो हुनेले ३१ हजार १ सय ११ र तेस्रो हुने २१ हजार १ सय ११ सहित मेडल र प्रमाणपत्र पाउनेछन् । प्रतियोगीताले गाउँ-गाउँमा खुम्चिएर रहेका कला र गला भएका व्यक्तिहरुको क्षमतालाई बाहिर ल्याउन टेवा पुऱ्याउनुको साथै लोक संस्कृतिको जर्गेनामा ठूलो मद्दत पुऱ्याउनेमा प्रतिष्ठानका सल्लाहकार तथा तानसेन ६ का वडा अध्यक्ष सागरमान महर्जनले विश्वास व्यक्त गरे ।

# लुम्बिनीमा पाँच महिनामा...

...त्यसैगरी सन् २०२० को जनवरीमा १३ हजार एक सय सात, फेब्रुअरीमा २१ हजार छ सय ६७ र मार्च महिनामा आठ हजार तीन सय ६३ जना त्यसपछि नोभेम्बरमा ३ र डिसेम्बर महिनामा २३ तथा विशिष्ट दुई हजार एक सय ६६ गरी कूल ४५ हजार तीन सय २९ जना राहदानी लिएकाले लुम्बिनी भ्रमण गरेका थिए । सन् २०२१ मा चार लाख ६३ हजार छ सय ६३ जना नेपाली र ४३ हजार सात सय ३२ जना भारतीय नागरिकले लुम्बिनी भ्रमण गरेका थिए भने सन् २०२० मा दुई लाख १० हजार ३३ जना नेपाली र ३७ हजार दुई सय छ जना भारतीय नागरिकले लुम्बिनी भ्रमण गरेको कोषले उपलब्ध गराएको सूचनामा उल्लेख छ । त्यसअघि २०१९ मा भने नेपाली, भारतीय र तेस्रोमुलुक गरी कूल १५ लाख ५८ हजार तीन सय २६ जनाले लुम्बिनी भ्रमण गरेका थिए । लुम्बिनी, नेपालको पश्चिमी क्षेत्रस्थित एक महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल हो । यो स्थानलाई बौद्धधर्मको जन्मस्थल मानिन्छ र विश्व सांस्कृतिक धरोहरस्थलको सूचीमा युनेस्कोले समावेश गरेको छ । यहाँ हालका वर्षमा पर्यटक वृद्धिसँगै पर्यटन व्यवसायले पनि वृद्धि गरेको लुम्बिनी पर्यटन व्यवसायी सैका अध्यक्ष हुसेनी लोधले बताए । लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी (भिक्षु मेत्तेय)ले लुम्बिनीमा पर्यटक संख्याको वृद्धि पर्यटन उद्योगका लागि एक सकारात्मक सन्देश रहेको बताए । उनले भने, "यसले स्थानीय अर्थतन्त्रलाई वृद्धि गराउँछ भने रोजगार र आयसम्बन्धी अवसर प्रदान गर्दछ ।" यो तथ्याङ्क मायादेवी मन्दिर परिसरमा प्रवेश गर्नेको मात्र हो । मायादेवी मन्दिर प्रवेश नगरेका तर लुम्बिनी घुम्न आएका पर्यटक पनि धेरै रहेको उनले बताए । ***-रासस***


# तानसेन नगरपालिकाको अनुरोध

- ➢ बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- ➢ भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- ➢ स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- ➢ खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- ➢ प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- ➢ सेवा प्रवाहमा रहेका कमी कमजोरी औंल्याऔं ।
- ➢ कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।
- ➢ जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- ➢ सीप सिकौं, स्वालम्बी बनौं ।
- ➢ छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।

| जीवन ज्ञवाली | प्रतिक्षा सिंजाली | सन्तोषलाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | नगरप्रमुख |

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**


### खेलकुद समाचार

# पहिलो सिजनमै च्याम्पियन बन्यो चर्च ब्वाइज



**काठमाडौं,** जेठ २३/चर्च ब्वाइज युनाइटेड पहिलो सिजनमै शहीद स्मारक ए डिभिजन लिग च्याम्पियन बनेको छ । मंगलबार दशरथ रंगशालामा थ्रीस्टारसँग गोलरहित बराबरी खेलेपछि चर्च ब्वाइजले लिगको एक खेल अगावै उपाधि जितेको हो ।

नेपाली घरेलु फुटबल संरचनामा सी डिभिजन छनोटदेखि ए डिभिजनसम्म लगातार च्याम्पियन बन्ने दुर्लभ इतिहास बनाउने चर्च ब्वाइज दोस्रो टिम बनेको छ । यसअघि मनाङ मर्स्याङ्दी क्लबले डी देखि ए डिभिजनसम्म लगातार च्याम्पियन बनेर इतिहास बनाएको थियो । २०३९ देखि २०४३ सालसम्म मानङ डी, सी, बी र ए डिभिजन च्याम्पियन बनेको थियो । मनाङको कीर्तिमान बराबर गरेको चर्च ब्वाइज २०६६ सालमा स्थापना भएको क्लब हो । सी डिभिजन छनोटमा लगातार पाँचपल्ट असफल भएको यो टिमले २०७६ सालमा सी डिभिजन छनोटको उपाधि जितेको थियो । २०७७ मा सी डिभिजन, २०७८ मा बी डिभिजनको उपाधि जितेको यो टिमले यस सिजन ए डिभिजन लिगको उपाधि जितेको हो । यसपल्ट उसले लगातार दुईपल्टको साविक विजेता मछिन्द्रलाई पछि पारेर उपाधि जितेको हो । मंगलबारको खेलमा बराबरीपछि डवल राउण्ड रोविन प्रणालीमा सञ्चालित लिगमा चर्च ब्वाइजले २५ खेलबाट ४५ अंक बनाएको छ । २ खेल खेल्न बाँकी मछिन्द्रको ३९ अंक छ । मछिन्द्रले बाँकी दुई खेल जितेमा र चर्च ब्वाइजले लिगको अन्तिम खेलमा जावलाखेल युथसँग पराजित भए पनि उपाधिमा असर गर्ने छैन । किनभने चर्च ब्वाइज हेड टू हेडमा मछिन्द्रभन्दा अगाडि छ । चर्च ब्वाइजले लिगको २५ खेलमा १२ जित, ८ बराबरी र ४ हारको नतिजा निकालेको छ । १९ फागुनदेखि सुरु भएको लिगमा छैटौं चरणको खेलपछि प्रशिक्षक प्रदीप हुमागाईंले वर्क परमिटको समस्याका कारण राजीनामा दिएका थिए । आठौं चरणको खेलदेखि बालगोपाल महर्जनले टिमको प्रशिक्षण सम्हालेका थिए । चर्च ब्वाइजसँगको बराबरीले थ्री स्टारको २९ अंक भएको छ र उ पुछारबाट तेस्रो स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


### कर्पोरेट/अर्थ समाचार

# बेरुजु बारे फैलाइएको गलत प्रचारप्रति रामपुर नगरपालिकाको ध्यानाकर्षण



**पाल्पा,** जेठ २३/जिल्लाको रामपुर नगरपालिकाले बेरुजु बारे फैलाइएको गलत प्रचारप्रति ध्यानाकर्षण भएको जनाएको छ । मंगलबार नगरपालिकाले एक प्रेस विज्ञप्ति जारी गर्दै महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन र विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जालमा भइरहेको गलत प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा ६६ करोड ८० लाख ७ हजार रुपैयाँ वेरुजु लेखिएकोमा त्यो वास्तविकता नभएको नगरपालिकाले जनाएको छ । उसले नगरपालिकाको वास्तविक बेरुजु रकम ९ करोड ८० लाख ७ हजार रहेको भन्दै गलत प्रचार नगर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । 'आर्थिक बर्ष २०७८/०७९ को महालेखा परीक्षकको प्रतिवेदन अनुसार हालसम्मको अद्यावधिक बेरुजु रु ६६ करोड ८० लाख ७ हजार भन्ने प्रतिवेदनमा लेखिएकोमा रामपुर नगरपालिकाको हालसम्मको अद्यावधिक यथार्थ बेरुजु नौं करोड ८० लाख सात हजार रहेको व्यहोरा सरोकारवाला तथा सर्वसाधारणका लागि जानकारी गराउदछौँ' नगर प्रमुख रमणबहादुर थापाद्धारा जारी विज्ञप्तिमा भनिएको छ । नगर प्रमुख थापाले नेपालको आर्थिक प्रशासनको मूल्य मान्यतालाई आत्मसाथ गर्दै आर्थिक सुशासन प्रवर्द्धनका लागि नगरपालिका सदैव तत्पर रहेको भन्दै वास्तविक तथ्य नखोजी कार्यालयको आर्थिक सुशासनप्रति गरिएको अनर्गल प्रचारको पछि नलाग्न सबैमा अनुरोध समेत गरेका छन् । नगरपालिकाले महालेखा परीक्षक कार्यालयको सम्पूर्ण तथ्य सहितको जानकारी सार्वजनिक गरिने समेत जनाएको छ । विज्ञप्ति मार्फत नगर प्रमुख थापाले नगरपालिकाको वित्तिय कारोबारको शुद्धता, पारदर्शिता तथा विश्वसनीयता अभिवृद्धि गर्न सहयोग गर्न सम्पूर्ण नगरवासीमा अनुरोध समेत गरेका छन् ।


# घातक विषादीको प्रयोग नगरौं ।

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्क सम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन् ।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।

त्यसैले,

***कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौ ।***

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई